स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक




गायक तथा पर्फमर दुर्गेश थापा दोस्रो सन्तानको पिता बनेका छन्। पत्नी प्राची लामाले ६ महिनाअघि दोस्रो सन्तानलाई जन्म दिएपनि बल्ल आएर दुर्गेशले यसबारे खुलाएका हुन्। छोराको अन्नप्राशन अर्थात् पास्नीको अवसर पारेर दुर्गेशले पहिलो पटक दोस्रो सन्तान लाभको खुसी सार्वजनिक गरेका हुन्। छोरासँगको भिडियो सार्वजनिक गर्दै दुर्गेशले लेखेका छन्, मेरो जीवनको अर्को सुन्दर अध्याय सार्वजनिक गर्दै छु।

**आजको विचार...**



जलवायु...
(दुई पेजमा)

राम भट्टराई



सौगात मल्ल र सृष्टि श्रेष्ठ लामो समयपछि पर्दामा एकसाथ फर्किँदैछन्। यी दुईजनाको सम्बन्ध सम्भावित विवाहसम्म पुगेको थियो। झन्डै ७ वर्ष यी दुईजना रिलेसनसिपमा बसे। ब्रेकअपपछि यी दुईबीच पर्दामा सहकार्य समेत भएन। पछिल्लो समय यी दुईबीच प्याचअप भएको चर्चा छ। यस्तोमा, यी दुईजनाको शीर्ष भूमिका रहेको फिल्म 'भाइरल गोर्खे' प्रदर्शन तयारीमा छ। प्याचअपको चर्चाबीच यी दुईजनाले यो फिल्ममा एकसाथ सहकार्य गरे।


❒ वर्ष ३१ अंक १८४ ❒ २०८२ माघ १७ गते शनिबार 31 January 2026, Saturday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-


## संक्षिप्त समाचार

### तीन आतङ्ककारीको मृत्यु

(रासस/एएफपी)

**जेरुसेलम,** माघ १६/ इजरायली सेनाले दक्षिणी गाजा सहर रफाहमा "आठ जना आतंकारीहरू माथी रातारात आक्रमण गरेको उल्लेख गर्दै ती मध्ये तीन जनाको मृत्यु भएको शुक्रबार जनाएको छ । सेनाले विज्ञप्तिमा जारी गर्दै भूमिगत अवस्थाबाट निस्किएका "आठ जना आतंकारीको पहिचान गरी वायुसेनाले "तीन जना आतंकारीको हत्या गरेको बताएको छ । थप आक्रमणहरू सुरु गरिएको जनाउदै सनोले सबै आतंकारीहरूलाई पत्ता लगाइ नष्ट गर्न सैनिकहरूले यस क्षेत्रमा खोजी कार्य जारी राखेको विज्ञप्तिमा भनिएको छ । रफाह इजिप्ट पार गर्ने स्थान हो, जुन गाजा पट्टी र बाहिरी संसार बीचको एक मात्र बाटो हो जसमा इजरायलमा सहायताको लागि महत्वपूर्ण स्थानको रुपमा लिइन्छ । सन् १०२३ अक्टोबर को आक्रमणबाट सुरु भएको इजरायल र हमासबिचको लडाइँ रोक्न भएको अमेरिकी योजनाको युद्धविराम दुवै पक्षले एक-अर्कालाई बारम्बार उल्लैन गरेको आरोप लगाए पनि तीन महिना भन्दा बढी समयदेखि चलिरहेको छ । यस अघि जनवरीमा वासिङ्टनले युद्धविराम दोस्रो चरणमा पुगेको घोषणा गरेको थियो, जसको उद्देश्य युद्धको निश्चित अन्त्य गर्नु थियो । इजरायली सेनाले आफ्नो सेना "युद्धविराम सम्झौता अनुसार तैनाथ रहेको र कुनै पनि तत्काल खतरा हटाउन सञ्चालन जारी राख्ने बताएको छ ।

## आधुनिक प्रविधिको प्रभाव

# गुल्मीमा चुँदारा समुदायको पेसा सङ्कटमा

रासस/हाम्रा संवाददाता

**गुल्मी,** माघ १६/ पछिल्लो समय गुल्मीमा काठका भाँडा बनाउँदै आएका चुँदारा समुदायको पेसा संकटमा पर्दै जान थालेको छ । चुँदारा समुदायले परम्परागत रूपमा काठबाट कुँदेका सामग्री बिक्री गरेर आफ्नो जीविकोपार्जन गर्दै आएका थिए । आजभोलि प्रविधिको विकाससँगै बजारमा आधुनिक प्रविधिबाट निर्मित प्लास्टिकका भाँडाहरू भित्रिएसँगै आफ्नो पेसा संकटमा परेको मालिका गाउँपालिका-७ घमिरका नरबहादुर कार्कीले बताए ।

आधुनिक प्रविधिसँगै स्थानीय बजारमा सुपथ मूल्यमा आकर्षक देखिने आधुनिक किसिमका भाँडाकुँडाहरू प्रयोगमा आउन थालेपछि चुँदारा समुदायको पुख्यौंली पेसा संकटमा पर्न थालेको कार्कीले बताए । ग्रामीण क्षेत्रमा गिठीको काठबाट निर्माण गरिएका ठेका, आरी जस्ता भाँडाहरू दही र मही राख्नका लागि प्रयोग गरिन्छ । काठका भाँडामा राखेको



दही र मही चाँडो नबिग्रिने हुँदा खानको लागि निकै स्वादिलो र राम्रो मानिन्छ । पछिल्लो समयमा बिस्तारै गाउँघरमा काठबाट निर्मित सामग्रीहरू विस्तारै लोप हुँदै जान थालेको मुसिकोट नगरपालिका-२ का ज्ञानबहादुर नेपाली बताउन्छन् । नयाँ पुस्ताहरू विस्तारै गाउँ छोडेर सहर झर्ने, विदेश जाने र पुराना पुस्ताहरू विस्तारै उमेरसँगै सकिँदै जान थालेपछि यस्तो समस्या आएको उनले बताए । परम्परागत पेसा र पुराना सामग्रीहरूको संरक्षण गर्नका लागि स्थानीय पालीकाहरूले खासै चासो देखाएका छैनन् । पालिकाले प्रस्तुत गर्ने वार्षिक नीति तथा कार्यक्रम र बजेटमा खासै प्राथमिकता नदिएको चुँदारा समुदायको गुनासो छ । परम्परागत पेसाको संरक्षण र त्यसको बजारीकरणमा खासै चासो नदिँदा गाउँघरमा विस्तारै काठका भाँडाहरू लोप हुँदै जान थालेका हुन् । बजारमा पाइने प्लाष्टिकबाट निर्मित भाँडाहरू झट्ट देख्दा आकर्षक र राम्रा र चिटिक्क देखिने र मूल्य पनि काठका भाँडाको तुलनामा सस्तो पर्ने भएका कारण पनि यस्तो समस्या आएको गुल्मी उद्योग सैका वरिष्ठ उपाध्यक्ष जनक पन्तले बताए । यस्ता प्रकारका परम्परागत सामग्री र वस्तुहरूको संरक्षण, संवर्द्धन एवं प्रवर्द्धनका लागि पालिकाहरूले थप सहयोग पुऱ्याउनुपर्नेमा उनले जोड दिए । परम्परागत शैलीबाट निर्माण हुने सामग्रीहरूको उत्पादन गर्न समय धेरै लाग्ने र अलि खर्चिलो हुने बताइएको छ । परम्परागत रूपमा उक्त पेसा गर्दै आएका व्यवसायीहरूले पछिल्लो समयमा काठका भाँडा बनाउने पेसाबाट आफ्नो गुजारा चलाउन समेत गाह्रो भएको बताउँछन् । आफूले निर्माण गरेका सामग्री बिक्रीका लागि बोकेर गाउँ-गाउँमा डुलाउँदा कहिलेकाही बिक्री नहुँदा त्यत्तिकै फर्कनु परेको छत्रकोट गाउँपालिका-१ हुँगाका यमन सुनारले गुनासो गरे । काठबाट निर्मित भाँडाको महत्वको बारेमा जानकारी नभएका कारण पछिल्लो समयमा चुँदारा समुदायको पेसा संकटमा परेको हो । गाउँघरमा गिठीको काठबाट निर्माण गरिएका ठेकाको मूल्य बजारमा आकारअनुसार ७०० देखि सात हजारसम्म पर्ने गर्दछ । जिल्लामा पछिल्लो समयमा आयोजना गरिने मेला महोत्सव लगायत सहकारी पसल र कोसेली घरमा भने फाट्टाफुट्ट रूपमा यस्ता प्रकारका सामग्रीहरू बिक्रीका लागि राखिने गरिन्छ ।


## स्तन क्यान्सरका लक्षण


-स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
-स्तनको छालामा निको नहुने घाउ आउनु,
-स्तनको आकारमा परिवर्तन हुनु,
-स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
-स्तनको मुन्टो भित्र जानु,
-स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
-स्तन दुख्नु वा सुन्निनु,
यस्ता कुनै पनि लक्षण देखिए चिकित्सकसँग तुरून्तै परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**


## पाल्पामा २९ मतदानस्थल 'अति संवेदनशील'

**पाल्पा,** माघ १६/ दुई प्रतिनिधिसभा निर्वाचन क्षेत्र रहेको पाल्पामा २९ मतदानस्थल अति संवेदनशील सूचीमा रहेका छन् । जिल्ला सुरक्षा समिति पाल्पाले सुरक्षा संवेदनशीलताको आधारमा यहाँका २९ मतदानस्थललाई अति संवेदनशिल सूचिमा राखेको हो ।

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचन प्रयोजनका लागि सुरक्षा समितिले मतदान केन्द्रको वर्गीकरण गरेको छ । भौगोलिक विकटता, मतदाता र मतदान केन्द्रको दूरी, सुरक्षा केन्द्रसम्मको पहुँचलाई विभिन्न सूचकलाई आधार मानेर मतदान केन्द्रको वर्गीकरण गरिएको प्रमुख जिल्ला अधिकारी विनु बज्राचार्य कुँवरले बताइन् । उनका अनुसार अति संवेदनशिल रहेका २९ मतदानस्थल मध्ये क्षेत्र नं. १ मा २० वटा र क्षेत्र नं. २ मा ९ वटा




मतदानस्थल रहेका छन् । पाल्पामा एक सय १८ मतदानस्थल तोकिएको छ भने दुई सय ५१ मतदान केन्द्र रहेका छन् । जहाँ क्षेत्र नम्बर १ मा ५२ मतदानस्थल रहेका छन् भने एक १७ मतदान केन्द्र तोकिएको छ । यस्तै क्षेत्र नं. २ मा ६६ मतदानस्थल रहेका छन् भने १३४ मतदान केन्द्र तोकिएको छ । क्षेत्र नं. १ मा २४ वटा संवेदनशील र ८ वटा सामान्य रहेका छन् । क्षेत्र नं. २ मा संवेदनशील २६ र सामान्य ३१ वटा रहेका प्रजिअ कुंवरले बताइन् । जिल्लाको निस्दी, माथागढी, रैनादेवीछहरा,तिनाउ, रामपुरलगायतका स्थानमा रहेका अधिकांश मतदान केन्द्र संवेदनशील रहेका छन् । नगरभित्रकै पनि कतिपय स्थानमा रहेका मतदान केन्द्र सुरक्षाका दृष्टिले संवेदनशिल रहेको सुरक्षा समितिले जनाएको छ ।पाल्पामा २ लाख ७ हजार ४ सय ३६ कुल मतदाता मध्ये क्षेत्र नं. १ मा ९८ हजार ३ सय ८३ र क्षेत्र नं. २ मा १ लाख ९ हजार ५३ मतदाता रहेका छन् । कुल मतदातामा ३ हजार ६ सय ५० महिला पुरुष भन्दा बढी रहेका छन् । २०७९ को निर्वाचनमा भन्दा ६ हजार १ सय १० जना मतदाता थपिएका छन् । जिल्लामा भयरहित र स्वच्छ वातावरणमा निर्वाचन सम्पन्न गर्न सुरक्षा व्यवस्थालाई चुस्तरूपमा परिचालन गरिने जिल्ला प्रहरी कार्यालय पाल्पाका प्रहरी उपरीक्षक दीपेन्द्र पन्जियार थारूले बताए । विशेष सुरक्षा योजना बनाएर अगाडि बढेको र निर्वाचन मिति घोषणा भएलगत्तै सुरक्षा व्यवस्था मिलाइएको उनको भनाई छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## नर्सको पीडामा गम्भीर बनौं

मानव स्वास्थ्यमा नर्सको भूमिका अतुलनीय छ । उनीहरु अस्पतालमा पुगेका बिरामीका लागि आशा र भरोसाका केन्द्र समेत हुन् । औषधि खुवाउने, सुई खोप्ने, बिरामीका हरेक गुनासो सुन्नेदेखि सबै काम नर्सले गर्छन् । तर तिनै नर्सहरू अन्योलग्रस्त भविष्यप्रति दिक्क देखिन्छन् । न्यून तलब र तनावका बिच उनीहरु काम गर्न बाध्य छन् । नर्सिङको इतिहास नेपालमा खासै पुरानो नभए पनि अहिलेको परिपक्ष्यमा नर्सहरूको महत्व अनि विकास धेरै भइरहेको छ । तर पनि नर्सिङ पेसा अझै व्यवस्थित हुन सकेको छैन । नर्सलाई न्यूनतम पारिश्रमिक पाउन आन्दोलनमै होमिनुपर्ने बाध्यता छ । बिरामीको सेवामा दिनरात खट्नुपर्ने नर्स पेसाप्रति सन्तुष्ट हुन नसकेपछि अहिले विदेशिन बाध्य छन् । यो नेपालको स्वास्थ्य क्षेत्रका लागि दुखको कुरा हो ।

कोरोना महामारीका बेला नर्सले आफ्नो सुरक्षाको परवाह नगरी सेवा प्रदान गरेको कसैले बिर्सन सक्दैन । जसका कारण नर्सहरूको जति नै प्रशंसा गरे पनि कमै हुन्छ । कोभिड–१९ को उपचारमा जोखिम मोलेर फ्रन्टलाइनमा खटिइरहेका नर्सहरूका कारणले पनि नर्सिङ दिवसको महत्व अझै बढेको छ । त्यस्तो कठिन समयमा पनि आफ्नो स्वास्थ्य, घर परिवारको चिन्ता नगरी आफ्नो कर्तव्य निष्ठाका साथ पालना गरी बिरामीको सेवा गर्नमा तत्पर थिए र अहिले पनि छन् । तर नेपालमा नर्सको श्रम शोषण, योग्यताअनुसार रोजगारी नपाउनु, विशेषज्ञताअनुसार पदपूर्ति हुन नसक्नु लगायतका समस्याका कारण थुप्रै नर्सहरू ठूलो पीडा छन् । एउटा नर्सले अस्पतालमा रातिको समयमा एक्लैले ३० देखि ३५ जनासम्म बिरामीको स्वास्थ्य निगरानी गर्नुपर्ने हुन्छ । अहिले बेड रेसियो अनुसार कोटा निर्धारण गरिएको छैन । त्यस्तै, लामो समयदेखि नयाँ कोटामा दरबन्दी नखुल्दा नर्सहरु निजी अस्पतालमा अति कम शुल्कमा जागिर खान बाध्य छन् । अध्ययन पूरा गरेपछि हरेक तहको अध्ययनमा भोलेन्टियर बनेर काम गर्नुपर्ने पनि नर्सहरुको अर्को पीडा हो । १० देखि १२ लाख खर्चेर वर्षौं लगाएर पढेका नर्सले निजी अस्पतालमा अहिले पनि मासिक १०/१२ हजारमा मात्रै काम गर्न बाध्य छन् । यसो हुनु विडम्वना हो । नर्सविनाको स्वास्थ्य उपचार र अस्पतालको परिकल्पना हामी गर्न सक्दैनौँ । यसर्थ गुणस्तरीय स्वास्थ्य सेवा दिन नर्सको महत्वपूर्ण योगदान हुन्छ त्यसैले उनीहरुको पीडा सम्बोधन गर्न सबै गम्भीर बनौं ।

### Opinion @ Socia Network

खुशी आफैंमा खोज्नुस् किन भने अरूले, दिएको खुशी कति खेर फिर्ता लैजान्छन् थाहा नै नहुने रहेछ... !!

*(मोहन कुमालको फेसबुक स्टाटसबाट www.facebook.com/Mohan.Kumal)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# जलवायु परिवर्तन : गाउँको अनुभव र शहरको दृष्टिकोण



राम भट्टराई

गत असोज महिनाको अन्त्यतिर इलामको गोदकमा चिया गफ गर्दै गर्दा एक जना वृद्ध व्यक्तिले 'काब्रो (डाले घाँस) काटेको केही महिना मात्र भयो, फेरि आउन पो लाग्यो' भने। उनको कुरामा चासो अलि बढ्यो र थप कुरा गरें। उनले 'अहिलेसम्म यस्तो भएको थिएन' भन्दै विगतका आफ्ना अनुभूतिहरू सुनाउन थाले । उनको कुरा सुन्दा जलवायु परिवर्तनको असरहरू गाउँमा यस्तै यस्तै देखिने रहेछ भन्ने मनमा लाग्यो। ग्रामीण भेगमा जलवायु परिवर्तनलाई आफ्नो दैनिक जीवनमा देखिने परिवर्तनका आधारमा बुझ्दछन् । कृषिमा आएको परिवर्तन, असार-साउनको अनियमित वर्षा, लामो खडेरी, बाली नष्ट हुनु, कृषि उत्पादनमा कीराहरू बढ्नु, पानीका मुहान सुक्नु, वन-जंगलमा हुने क्षति, नदीनालाहरूमा असामान्य बाढी, पहिरो जस्ता विपत्ति आउनु जलवायु परिवर्तनको केही आधार मानेका छन् भने शहरमा केवल गर्मी बढेको आभास तथा असामान्य वर्षाले पार्ने छोटो अवधिको प्रभाव नै मानेका छन् । ग्रामीण भेगमा बसोबास गर्ने मानिसको बुझाइ अनुभूतिमा आधारित हुन्छ, किनकि उनीहरूको जीवन प्राकृतिक स्रोतहरूसँग प्रत्यक्ष जोडिएको हुन्छ। सीमित अध्ययन तथा स्रोतको आधारमा गाँउलेले गर्ने व्याख्या, बुझाइ, अनुभव र अनुभूति कुनै वैज्ञानिक वा जलवायु परिवर्तनको व्याख्याताले गर्ने भन्दा कमी छैनन्। शहरी वातावरणमा पहिले जाडो धेरै हुनु र अहिले कम हुँदै जानु त्यस्तै अनुभूतिहरू रहेका छन्। घाम र हुस्सु लाग्ने कुरामा भएको परिवर्तन जस्ता सामान्य बुझाइहरू रहेको छ। जाडो र गर्मी मौसमको मापन रात र दिउँसोको समयमा हुने तापक्रममा भएको परिवर्तनको अनुभवलाई लिन सकिनेछ । असोज महिनामा हिन्दु धर्मावलम्बीहरूको महान् चाड दशैं पर्व परेकोले म पनि दशैं मनाउन घर गएको थिएँ। पूर्णिमासम्मको बिदा, केही दिन इलाम बस्ने योजना बनाएको थिएँ। टीका अगावैदेखि विभिन्न सञ्चारमाध्यम मार्फत मौसमविद्हरूका वर्षात् हुने अनुमानहरू सार्वजनिक हुन थाले, नेपालमा भारीदेखि अति भारी वर्षा हुने भन्दै सुरक्षित भई बस्न र अनावश्यक यात्रा नगर्न भनी तारन्तार सूचना जारी हुन थाल्यो। जल तथा मौसम विज्ञान विभागले पनि बङ्गालको खाडीमा विकसित भएको न्यूनचापीय मौसम प्रणाली भारतको ओडिसाबाट जमिनको भूभागमा प्रवेश गरी मध्य भारततर्फ क्रमशः सर्ने भएको र सो न्यूनचापीय प्रणालीको कारणले नेपालमा जलवाष्पयुक्त मनसुनी वायु प्रवेश गरेकाले आगामी केही दिन मनसुनी गतिविधि सक्रिय हुने सम्भावना भनी प्रेस विज्ञप्ति नै जारी गरेको थियो। सूचनाका आधारमा इलामको बसाइलाई तुरुन्तै छोट्याउने निर्णय लिएर त्यसै दिन हतार हतार काठमाडौंको यात्रामा लागियो, नभन्दै काठमाडौं आई पुग्दासम्ममा इलाममा आरीघोप्टे पानी पर्न थाल्यो, सबै बाटाहरू बाढी पहिरोले बन्द हुन थाले भनेर सञ्चारमाध्यमबाट सूचना प्रवाह हुन थाले । यो मुसलधारे पानी पर्नु, प्राकृतिक प्रकोप हुनु, बेमौसमी डाले घाँसहरू बढ्नु, प्राकृतिक भन्ने बुझाइ नै रहेको छ यसले दिनप्रतिदिन मानिसहरूको दैनिकीमा असर परिरहेको। के यो सबै प्राकृतिक नै हो त ? वा मानव निर्मित विकासले जलवायु परिवर्तनको असर बढ्दै गएकोले हो ? यो प्रश्न अनुत्तरित नै रहेको छ। २०४५ सालमा पनि यस्तै पानी आएको र पुन यस्तो थाहा नभएको बुढापाकाहरूको कुरा सुनिरहँदा र सन् १९८३ जुलाई १५ मा मौसम विभागको रेकर्ड अनुसार इलामको चियावारीको मापन केन्द्रमा रेकर्ड भएको उच्च ३२०.६ मिलिमिटर रेकर्डलाई तोड्दै सन् २०२५ अक्टोबर ५ र ६ मा ३३२.६ मिलिलिटर रेकर्ड गरिएको थियो जसले ४२ वर्ष पहिलेको रेकर्डलाई परिवर्तन गरायो। यो रेकर्ड त एउटा दृष्टान्त मात्र हो। हिउँ पर्ने समय बितिसक्दा पनि उपल्लो क्षेत्रमा हिउँ नपर्दा उत्पादनमा हुने ह्रासको कुरा उपल्लो क्षेत्रको वर्षैपिच्छे गरिने छलफलको एउटा महत्त्वपूर्ण विषय नै हो । पूर्व, मध्य वा पश्चिमकै क्षेत्र होस् केही वर्ष पहिले भएको घामपानी वा खेतीपातीको कुरा होस् अहिलेको समयसँग तुलना गर्दा केही न केही फरक नै भएको अनुभूतिहरू सुन्न पाइन्छ । मानिसहरूको जनस्वास्थ्यमा पार्ने असरदेखि घुमन्तेहरूको लागि तय गर्ने समयहरूमा केही वर्ष अघि र अहिलेमा केही परिवर्तन हुँदै गएको छ जसले मानिसहरूको दैनिकीमा विस्तारै फरक पार्दैछ । मौसममा आएको परिवर्तनको जानकारी दिने सूचना प्रणाली छिमेकी राष्ट्र भारतमा प्रभावकारी रहेको वर्ल्ड बैंक ग्रुपले २०२४ को रिपोर्टमा उल्लेख गरेको छ। छोटो अवधिदेखि ४० दिनसम्मको मौसमको जानकारी गराएर कृषकहरूको बालीनालीको क्षतिलाई न्यूनीकरण गर्न प्रभावकारी भएको हुने उल्लेख छ। जलवायु परिवर्तनको कारणले केही कम्पनीहरू बलियो बन्दै गएका छन्। विकसित तथा धनी राष्ट्रहरूमा समुद्री आँधीको जोखिम, बाढीको जोखिम जस्ता जोखिमको बीमा गर्नेको संख्याहरू उल्लेख्य रूपमा बढिरहेको छ भने विकासोन्मुख तथा गरीब राष्ट्रहरूमा खेतीपातीको बीमा गर्ने संख्याहरूमा उल्लेखनीय वृद्धि हुँदै गएको छ। जसले बीमा कम्पनीहरूलाई बलियो बनाउँदै लगेको छ भने यस्ता जोखिमहरूबाट वित्तीय तवरले भए पनि केही राहत भने अवश्य नै भएको मान्न सकिन्छ । विभिन्न अध्ययन प्रतिवेदनका अनुसार, विश्वकै सबैभन्दा ठूलो हिमाल, सगरमाथाको सेरोफेरोमा भएको हिउँ पग्लिदै गइरहेको छ । हिमाली क्षेत्रमा हरेक १० वर्षमा करिब ०.०५ डिग्री सेल्सियस तापक्रम बढेको उल्लेख भएको छ। पहाडी तथा उच्च पहाडी क्षेत्रहरूमा ०.६८ देखि ०.१२८ डिग्रीसम्म तापक्रम बढेको छ । त्यस्तै तराई क्षेत्रमा तापक्रम बढ्ने दर भने हिमाली तथा पहाडी क्षेत्र भन्दा कम नै रहेको छ । हरेक वर्षमा ०.००४२ मात्र वृद्धि भएको तथ्यांकहरू देखिएको छ। उक्त तथ्यांक हेर्दा हिमाली क्षेत्रमा जलवायु परिवर्तनको असर बढी नै परेको देखिन्छ। पहाड तथा तराई क्षेत्रमा पनि उच्च जोखिम छ। तराईको तापक्रममा थोरै मात्रामा वृद्धि भए पनि त्यसको प्रभाव भने राम्रै देखिन थालेको छ । हिमालमा हिउँ पग्लिंदै जाँदा खोलानालाहरू बग्न सक्ने रफ्तारमा कम होलान् त्यसले हिमाल, पहाड र तराईका क्षेत्रहरूमा प्रत्यक्ष असर नगर्ला भन्न सकिन्न । जलवायु परिवर्तनले न्यून आयस्रोत भएका मानिसहरूलाई नराम्रो असर गर्दछ The poor are hit hardest भन्ने तथ्य वर्ल्ड बैंकको सन् २०२५ मा प्रकाशित एक प्रतिवेदनमा उल्लेख भएको छ। नेपालको तथ्याङ्कलाई हेर्ने हो भने ७७।७८ प्रतिशत मानिस गाउँमा बसोबास गर्दछन् भने करिब २० प्रतिशत मानिस गरीबीको रेखामुनि रहेका छन्। जलवायु परिवर्तनले गरिब राष्ट्रहरूमा अझ बढी प्रभाव पर्ने पक्का छ। धनी राष्ट्रहरूको तुलनामा ६ गुणा बढी गरिबीको रेखामुनि रहेका मानिसको मृत्यु हुने समेत अध्ययनले देखाएको छ । पछिल्ला दशकहरूमा प्रकोपबाट १.३ मिलियन मानिसको ज्यान गएको तथ्यांक छ । प्रत्येक एक दशकमा ४.४ अर्ब मानिस प्राकृतिक प्रकोपबाट प्रभावित भएका छन्। आगामी सन् २०५० सम्ममा प्रत्येक वर्ष करीब ५ अर्बभन्दा बढी मानिसलाई वार्षिक रूपमा एक महिना पानीको अभावको सामना गर्नुपर्ने जस्ता अनुमान सार्वजनिक हुँदै गर्दा नेपालले कस्तो अवस्थाको सामना गर्नुपर्ने हो वा कस्तो खालको अभाव झेल्नुपर्ने हो भन्ने आकलन गर्ने बेला भएको छ। हामी त्यसको लागि तयार बन्नुपर्ने अवस्था छ र त्यसको लागि के-कस्तो व्यवस्थापनका उपायहरू अपनाइनेछ त्यसको लागि भने बहस शुरु गर्ने बेला भइसकेको छ । नेपालमा जलवायु परिवर्तनको पहिलो र सबैभन्दा ठूलो प्रभाव गाउँ-घरमै देखिन्छ। वर्षा हुने समय बदलिनु, असिना-पहिरोको जोखिम बेमौसमी रूपमा देखा पर्नु, बदलिंदो मौसमका कारण बालीनाली नष्ट हुनु, दिनदिनै पानीका मुहानहरू सुक्दै जानु र वन-जंगलमा कीराद्वारा उत्पन्न हुने रोग बढ्नु– यी सबै परिवर्तन हामीले दैनिक जीवनमा भोगिरहेका यथार्थ नै हुन्। खेती-किसानी, हावापानी, वनजंगल, मौसम र जमिनसँगको सम्बन्ध भएकाले गाउँघरमा बसोबास गरेका मानिसहरू जलवायु परिवर्तनका सूचकहरू प्रत्यक्ष अनुभूति गर्छन । उनीहरूको दृष्टिमा जलवायु परिवर्तन कुनै वैज्ञानिक सिद्धान्त होइन यो त केवल बाली नफल्दा हुने भोकमरी, आय कम हुँदा बढ्ने ऋण, पहिरो जाँदा विस्थापन हुने बसाइँसराइ र पानीका मुहान सुक्दा हुने पानीको अभाव जस्ता अनुभूतिहरू हुनसक्ने आकलन गर्दछन्। यिनै अनुभूतिहरू शहर-बजारका मानिसलाई दिने सबैभन्दा ठूलो सन्देश हो । जलवायु परिवर्तन अब भविष्यको होइन, वर्तमानको संकट हो, शहरबजारमा बस्नेहरूले मिडिया, तथ्यांक र रिपोर्ट मार्फत जलवायु परिवर्तनको जानकारी पाउँछन्, तर गाउँवासीहरूले त्यसलाई पसिना र आँसु मार्फत बुझेका छन्।। जलवायु परिवर्तनमा प्रत्यक्ष वा अप्रत्यक्ष असर पार्ने किसिमका सुविधाजनक वस्तुहरूको न्यूनीकरणमा ध्यान नदिने हो भने शहर-बजारका सडक, भवन, खानेपानी र स्वास्थ्य प्रणालीले चाँडै नै धेरै ठूलो समस्यामा पर्ने संकेत देखिएको छ । शहरबजारको तापक्रम बढ्दै जादैछ, पानीको अभाव दिनहुँ बढिरहेको छ र अझै बढ्ने सम्भावना रहेको छ। बेमौसमी वर्षाका कारण डुबान, त्यसैगरी आधुनिक सुविधाका नाममा भित्रिएका साधनहरूबाट हुने बढ्दो वायु प्रदूषण, धुलो-धुवाँले स्वास्थ्यमा पार्ने जोखिम, यी सबै संकेत ग्रामीण क्षेत्रमा बसोबास गर्ने मानिसहरूले पनि भोग्नुपर्ने बाध्यताहरू विस्तारै गाउँतर्फ हुइँकिदैछ। शहरबजारमा बसी नीति निर्माण हुन्छन्, यसको असर गाउँमा देखा पर्दछ। विकासका नाममा, कृषियोग्य भूमि र वनजंगल सडकमा परिवर्तन हुँदैछन्। गाउँका मानिसहरूले पानी संरक्षण गर्ने, जंगल जोगाउने, परम्परागत बाली प्रणाली अपनाउने, सामुदायिक वन र भू-व्यवस्थापनमा सक्रिय सहभागिता जनाउने जस्ता अभ्यासले जलवायु अनुकूलनमा मद्दत पुर्‍याएका छन् । शहरले पनि हरियाली बढाउने, पानी संकलन गर्ने, फोहोर व्यवस्थापनमा सुधार गर्ने, ऊर्जा खपत घटाउने र समुदायलाई समावेश गर्ने गरेमा आज जलवायुमा देखिएका संकटहरू कम गर्न सकिएला। सीमान्तकृत समुदायहरूले बचाएको जलवायुलाई अरूहरूले बचाउन, शहरले थप योगदान गर्न जरूरी छ । गाउँहरू कमजोर छन्, सूचना प्रवाह हुनलाई समय लाग्छ, मौसमको अद्यावधिक बारेमा पूर्व जानकारी नपाउनु, लामो तथा छोटो अवधिको मौसमको जानकारी नहुनु, गाउँमा हुने बाढी पहिरोको जोखिम कम गर्नलाई बालीनाली तथा भौतिक क्षतिको इन्स्योरेन्सको पत्तो नहुनु, बालीनालीको उत्पादनमा आएको परिवर्तनको बारेमा गाउँमा प्रभावकारी जानकारी नहुनु जस्ता विषयहरूमा कसले सूचना दिने हो? ग्रामीण भेगमा हुने जलस्रोत, वनजंगल, जडीबुटी, जंगली पशुपन्छी तथा परिवर्तित पर्यावरणीय चक्रको बारेमा अध्ययन अनुसन्धान कसले गर्ने हो ! वातावरणीय न्यायले आम्दानी, जातीयता, स्रोत वा सामाजिक स्थितिलाई ध्यान नदिई वातावरणीय निर्णय प्रक्रियामा सबै मानिसहरूको निष्पक्ष व्यवहार र अर्थपूर्ण सहभागितामा केन्द्रित हुनुपर्दछ भन्ने मान्यतामा आधारित रहेको छ। यसले प्रदूषण, विषाक्त, फोहोर, वन फँडानी, असुरक्षित पानी र औद्योगिक परियोजनाहरूबाट भएको प्रदूषणका कारण वातावरणीय हानिहरूले समाजमा असमान कसरी वितरित हुन्छन् भनेर थाहा दिन सक्दछ । जलवायु न्याय एक फराकिलो र विश्वव्यापी अवधारणा हो, विशेषगरी जलवायु परिवर्तन र यसका कारण, प्रभाव र जिम्मेवारीहरूमा केन्द्रित छ। जलवायु परिवर्तन केवल वैज्ञानिक समस्या मात्र नभई नैतिक, राजनीतिक र मानवअधिकारको मुद्दा पनि हो। यसले असमानताको खाडलहरू बढाउनेछ जसलाई कम गर्नु हामी सबैको दायित्व हुनेछ । ***-अनलाइन खबर डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**

- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२१११९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**

- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**

- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : मान तथा सम्मानमा दाग लाग्न सक्छ, काम गर्दा ध्यान लिनुहोला । | **तुला** : आज स्वास्थ्य भरपर्दो रहनेछैन । अरुले आलोचना पनि गर्न सक्छन् । |
| **वृष** : विश्वास गरेकाले साथ र सहयोग गर्नेछन् । कामबाट लाभ मिल्नेछ । | **वृश्चिक** : नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ । प्रेम जीवन सुखमय हुनेछ । |
| **मिथुन** : नजिकको व्यक्तिबाट कार्य पुरा हुनेछ प्रेमीको सहयोग पाइनेछ । | **धनु** : आज शुभकार्यको चर्चा चल्नेछ । सांगीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : बन्धुबान्धवबाट सहयोग पनि मिल्नेछ । मनमा खुशी छाउँनेछ । | **मकर** : स्वास्थ्यमा गडबडी भई दैनिक कामकाजमा असर पर्नसक्छ । |
| **सिंह** : अधुरो काम पूरा हुनेछ । पुनर्मिलनको योग रहेको छ । | **कुम्भ** : शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ र रमाइलो यात्रा पनि हुनेछ । |
| **कन्या** : आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । सरकारी निकायको भय रहला । | **मीन** : समाजसेवामा मन लाग्नेछ । आदर्श व्यक्तिको सहकार्यले नयाँ अनुभव मिल्नेछ । |

साहित्य दर्पण

निबन्ध — राजेन्द्र पहाडी

# भोज र मोजको संस्कृति

मेरा एकजना शिक्षक मित्रको छोराले हालसालै कक्षा बाह्रको परीक्षा उतिर्ण गरेछन् । यही मेसोमा शिक्षक मित्रका साथीभाइले उनलाई छोराले उच्च माध्यमिकतह पास गरेको अवसरमा खुशियाली भोज खुवाउन आग्रह त्यतिबेलासम्म गरिरहे जतिबेलासम्म उनले एनकेन प्रकारेण भुजा-मासु सहितको मिनी भोज खुवाएनन् । अर्को एउटा साथीले यही दशैंको बिदाको उपयोग गर्दै कम्प्यूटरका 'कखरा' सिकेछन् र सिकेछन् इमेल इन्टरनेटका कुरा पनि । उनले कार्यथलो फर्केपछि आफ्ना दौंतरीहरुलाई आफूले यसपटकको दशैंमा हासील गरेको उपलब्धीका बारेमा फुरुङ्ग पर्दै जानकारी गराए । उनले कम्प्यूटर सिकें भन्न मात्र के भ्याएका थिए, दौंतरीहरुले घेरिहाले, 'यत्रो ठूलो काम गरिछस्, लौ ख्वा भोज ।' स्यामकृष्णले अब जाडो पनि आउन थाल्यो, दशैं-तिहारमा कपडा हाल्दा एउटा ज्याकेट पनि किन्नु पर्‍यो भनेर कालो-कालो रङ्गको ज्याकेट किनेका रहेछन् । तिहार नजिकि"दाका दिनमा अलिक चिसो बढेको अनुभूती भएपछि त्यही कालो ज्याकेट लगाएर बजार निस्केछन् । नामले स्याम भए पनि गोरो बर्णका स्यामकृष्ण कालो ज्याकेटमा निकै खुलेका देखिन्थे । यो देखेपछि के नै बहाना चाहियो र, उनका साथीहरु एकै श्वरमा भन्न थालिहाले, 'यस्तो चिटिक्क सुहाएको कालो ज्याकेट किनेको उपलक्ष्यमा स-सानो भोजको आयोजना गर्न किन पछि पर्ने र ?' स्यामकृष्ण साथीभाइको च्याईं च्याईं र करकापबाट फुतिकनै सकेनन् । तीनसय पचासमा किनेको ज्याकेटको भोज खर्चमा खन्खन्ती गनेर पा"चसय रुपिया"का दशा लागे । मेरा अर्का एक मित्रले घरमा सबै दृष्टिले सक्षम एउटी श्रीमती हु"दा हु"दै कानूनको बर्खिलाप हुनेगरी अर्की हुलेछन् । कानूनले दण्डनीय काम गरेको थाहा पाउ"दा पाउ"दै पनि मेरा बा"की विद्वान मित्रहरुले उनलाई दोश्रो श्रीमती भित्राएको शुखद (?) उपलक्ष्यमा भोज नख्वाएसम्म फुर्सद नै नदिने अद्रि कसेर बसे । आखिर ति मित्रले पनि छिमेकीहरुले थाहा नपाउने गरी आफ्ना सहकर्मीहरुलाई भोज खुवाएरै छाडे । माथिका दृष्टान्तहरु त केवल प्रतिनिधि घटनाहरु मात्र हुन् भोज महिमाका । यस्ता अनेकन औसरहरु तपाईंहरुले पनि थुप्रै भेट्नु भएको हुनसक्दछ । अर्कालाई उचालेर, फुर्काएर, धम्काएर या लालच देखाएर भोजमा मस्तीराम गर्न सिपालुहरुले नजानि"दो ढंगले भोजको मेसो जुराउने गरेको कुरा साच्चिकै रोचक लाग्दछ मलाई । ठूलो सफलता या बिशिष्ठ काम गर्नै नपर्ने भोज खानलाई । सामान्य मौसम परिवर्तन, लवाई खुवाईमा देखिएको नया"पन अथवा यस्तै कुनै दैनिक जीवनको ऋमभङ्गतालाई आधार मानेर प्रस्ताव राख्नेले राखिदिए पछि अक्षोभ्य पात्र भोजको चक्करमा नराम्रोस"ग फस्न पुग्दो रहेछ । नया "बाटो हि"डे पनि भोज, नया "विचार ल्याए पनि भोज, नया "पुस्तक पढे पनि भोज, पत्रपत्रिकामा नाम प्रकाशित भए पनि भोज, सधैंको भन्दा भिन्दै शैलीले कपाल कोरेको भए पनि भोज, भाषण गर्ने या सासन गर्ने अवसर पाए पनि भोज । धन्य छ भोज भवसागर । भोज खुवाउनका लागि गरिने विनित् प्रस्तावहरुको श्रृङख्ला निकै लामो हुन सक्छ । अरुलाई इल्लीबिल्ली पार्न र अप्ठ्यारोमा पार्न खप्पिसहरुले अनेक बहाना बनाएर कतै तपाईको सामु पनि भोजको प्रस्ताव लिएर आइपुग्लान है, होशियार हुनुहोस् । कुनै सोधखोज नै नगरी प्याच्च भन्न सकिने 'भोज' वास्तवमा ताजुबको चिज रहेछ । भोजमा मोज गर्न पल्केकालाई यसको स्वाद अनौठो र अचाक्ली नलागे पनि अक्करमा परेर भोज खुवाउनु पर्ने बाध्यात्मक अवस्थामा पुगेकालाई यसले कति चक्कर खेलाउ"छ भन्ने कुरा परेकाले मात्रै जान्ने कुरा होला । छानी छानी र गनी गनी रोजै भोजको तारतम्य मिलाउन जानेकाहरुले अरुलाई कत्तिको भोज भतेर खुवाउ "छन् होला मैले यसै भन्न सक्तिन । नेपाली वृहत् शब्दकोषले भोजलाई परिभाषित गरेका आधारमा भन्ने हो भने कुनै खास चाडपर्व वा बिहे बटुलोमा धेरैजना सहभागी भएर खाइने भोजन वा भतेरलाई भोज भनेर बुझाइएको छ । तर अचेल विकास भएको भोज संस्कृति यो परिभाषाबाट पृथक देखिन्छ । आफ्नो खल्तीमा पैसा छैन या भएर पनि खर्च गर्न मन मान्दैन भने नजिकको मित्रलाई प्रस्ताव राखे भैहाल्यो 'लौ है, आज त तिमीले फलानो उपलक्ष्यमा भोज खुवाउनै पर्दछ है ।' आफूले खुवाउन पर्ने भए अनेक तानाबान बुनेर बहानाबाजी गर्ने, आफूले यसरी भोज खान छोडेको धेरै भएको भनेर झुट्टा जानकारी गराउने तर अर्काको सित्तैमा पाउने भएपछि दिनभर कुरेर भएपनि केही न केही हात नपारी नछाड्ने लुच्चाहरुको तरिका देखेर अचम्म मान्नु बाहेक केही गर्न सकिने अवस्था हुने रहेनछ । अझ रोचक प्रसङ्ग त के रहेछ भने अर्कालाई भोजको एम्बुसमा पार्न कसरी सकिन्छ भन्ने बारेमा स-सानै भएपनि अनुभवसिद्ध सोध गरेकाहरुले मान्छे हेरेर भोजका भेराइटीहरु निर्धारण गर्दा रहेछन् । यस्ता बुजुक भोजवादीहरुले सामान्य मासु-भुजालाई भोजको सूचिमा नै राख्दा रहेनछन् । अर्काको मेजमानी खाएर मुख मिठ्याउन पल्केकाहरुले मासु-भुजालाई निम्नकोटीको भोजन मान्दछन् भन्दा धेरैलाई आश्चर्य लाग्न सक्दछ । भएसम्म विदेशी सोमरस नभएपनि स्वदेशी सिलबन्दी सहितको बसिबि"यालोलाई यिनीहरुले मध्यमस्तरको भोज मान्दा हुन् सायद । यसभन्दा उपल्लोस्तरको भोजको त के कुरा गर्नु र ? साना-ठूला व्यापारिक कारोवार, ठेक्कापट्टा, लेनदेन, कमिशन आदिका बारेमा निश्कर्ष निकाल्ने र नमिलेका कुरा मिलाउने यस्ता तहका भोज भतेर अलिक फरक शैलीले व्यवस्थापन गरिएका हु"दा हुन् । भोजलाई घा"टीबाट भित्र छिराउन बिशिष्ठ खालको सितनको भिन्दै व्यवस्था गरिएको हु"दो हो । आ", थाहा नभएको विषयमा के कुरा गर्नु र ? बिछट्टैको विषय के पनि छ भने अरुले भोज खुवाऊ भनोस् या नभनोस् आफै मपाई भएर भोजको प्रायोजन गर्नेहरुको पनि कमी देखेको छैन मैले वरपर । आफ्नो गैरकानूनी काम फत्तै गर्न, दुनियालाई ठगेर कमाएको कालोधनलाई चोख्याउन तथा आफूले गरेको नाजायज कामलाई जायज बनाउनका लागि समर्थन बटुल्न आयोजना गरिने यस्ता नियोजित तथा कुत्सित मनसायले तय गरिएका भोजहरु भोज मध्येका खतरनाक भोजहरु हुन् । यस्ता भोजहरु कुनै ठोस सन्दर्भ, अवसर वा बहानाबिना नै आयोजित हुन्छन्, र भोजका बारेमा कसैले अत्तोपत्तो नपाओस् भनेर खुब सतर्क हुन्छन् तथकथित आयोजकहरु । यस्ता भोजहरुमा सकेसम्म कलमजीवीहरुको नजर नपरोस् भनेर विशेष सतर्कता अपनाइन्छ भने कतिपय अवस्थामा सोमरसका पारखी कलमजीवीहरुलाई विशेष निम्ता गरेर तिनको विवेक र धर्मलाई खरिद गरिन्छ या निस्तेज पारिन्छ । खासै काम नभए पनि अथवा अन्य आर्थिक स्वार्थ केही नभए पनि छिमेकीलाई फूर्ति देखाउन पनि कसै कसैले यस्ता भोजको आयोजना गर्दा रहेछन् भन्ने कुरा पनि रोचक नै हुने रहेछ । आृनो घरमा राती अबेरसम्म गाना बजाना, मोजमस्ती र पाहुनाहरुको आवत जावतलाई देखाएर छिमेकीलाई खुच्चिङ गर्न चाहनेहरुको छोटो बुद्धिले आफ्नै धन खर्चेर यस्ता भोज आयोजना गर्न उक्साउने रहेछ । अझ गाडीवाला पाहुना परे भने त के चाहियो र ? आयोजक त्यसै मख्ख, छिमेकीले देख्ने गरी गाडी पार्किङ गर्न लगाउने र आफूहरु भित्रभित्रै दङ्ग पर्ने । ती बिचरा आयोजकहरुलाई के थाहा, आृनो स्रोत साधन खर्च गरेर जति खुवाए पियाए पनि पाहुनाहरु सधैंका लागि आृना हुन सक्दैनन् भनेर । 'छन् गेडी सबै मेरी, छैनन् गेडी सबै टेढी' । खान पल्केकाहरु खान पाउञ्जेल न आृना हुन्छन् । खान पाउन छोडे पछि मरेको जन्तुलाई उपिया"ले छोडे जस्तो छोडेर जान्छन् । आफूले कहिल्यै भोजका नाममा जन्मदिनका अवसरमा एउटा चक्लेटसम्म नबा"ड्नेले अरुबाट भने बडे बडे अपेक्षा गर्नु र अरुका कुरा काट्नु पनि अनौठो खालको संस्कृति छ हाम्रो समाजमा । बजारमा गएर कुनै सामान लिएर सकेसम्म पैसा तिर्न नपरे हुन्थ्यो भन्ने र अनेक बहाना बनाएर फुत्कनेहरु या लाजै नमानी साथीभाइलाई आफूले खरिद गरेको सामानको दाम तिराउनेहरु अरुबाट भने उपल्लोस्तरको आस राख्दा रहेछन् । यस्ता दहिच्यूरेहरुको आनीबानी थाहा भएकाहरुले तिनलाई सकेसम्म भोज भतेरबाट बहिष्कार गर्न थालेको कुराले भने भोजको संस्कृति नया" मोडमा पुगेछ कि भन्ने लागेको छ । तैपनि भरोसा गरिहाल्ने आधार केही पनि छैन, किनकी सित्तैमा खान पल्केकाहरुले जे गरेर भएपनि दातालाई रिजाउन सक्दछन् । आफ्नो जिम्मेवारी, पद वा सामाजिक हैषियतको वनावटी फूर्ति देखाएर दुनो सोझ्याउने काइदा त तिनलाई जति अरु कसलाई थाहा छ र ? सित्तैमा पाइने भए अलकत्रा पनि नछोड्नेहरु बेलुका भोज खानु पर्ने भए बिहानदेखि नै आधापेटमा बस्ने गरेको जानकारहरुले बताएको कथनी हो । वास्तवमा भोज र मोजको संस्कृति यो वा अर्को नाममा मौलाउनु नया" नेपालका लागि शुभ संकेत नहुन सक्दछ । शाब्दिक अर्थबोध गर्ने हो भने भोज र मोज भनेका बिलासिता एवं राम रमीतास"ग सम्बन्धित पदावली हुन् । स्वाभाविक रुपमा मुलुकले यतिखेर आफ्नो काया परिवर्तनका खा"तिर सबै देशबासीहरुका तर्फबाट इमान्दार मेहेनत र परिश्रमको अपेक्षा गरिरहेको छ । जो जहा" छ त्यही"बाट आफूसक्दो सकारात्मक भूमिका खेल्नु पर्ने आजको आवश्यकता हो । यसको विपरित भोग बिलास र मोजमस्तीमा रमिरहने तरिकाले नया" नेपाल विनिर्माणको संकल्पमा कुनै योगदान पुग्न सक्दैन । यसबाहेक कर्मको संस्कृतिलाई तिलाञ्जली दिएर अर्काको कमाईमा रम्ने तथा अर्कालाई चुसेर खाने प्रवृत्तिलाई बढावा दिने हो भने त्यो भन्दा अर्को ठूलो बेइमानी केही हुनेछैन । वस्तुत: आजको अपरिहार्यता भनेको आृनो कर्ममा गर्व गर्ने, पसिनाको कमाईलाई जे जस्तो छ, मिठो-राम्रो मानेर उपभोग गर्ने र राष्ट्र निर्माणको महाअभियानमा दर्विलो इट्टा थप्नु हो । सबैलाई चेतना भया । ***-समकालीन साहित्य डटकम***

कथा — चन्द्रमणि चापागाई

# 'उसैबेलादेखि रूख बुद्ध बनेर बाँचेको छ'

एकाबिहानै सिर्सिर हावाले ब्युँझाउन खोज्छ रूखलाई । पातको च्यादर ओडेर सुतिरहन्छ रूख । आमा जस्तै जिस्कन्छ हावा र हल्लाउँछ हाँगा, भाँच्छ भाँच्छ जस्तो गरी । खाटबाट लड्न लागेको बच्चा जस्तै झस्केर ब्युँझन्छ रूख । अटेरी कोइली गाउँछे यसैको हागाँमा बसेर । "मेरै छहारीमा धमाधम चल्दैछ गीतको व्यापार, सित्तैमा हाँगामा किन गाउँछे यो चरी ?" मनमनै भन्छ रूख । किनकी मुखै फोरेर भन्नलाई चरा र रूखका भाषा मिल्दैनन् । फेरि कोइलीले गाएकी हो वा रोएकी हो ? विचरा रूखले कसरी जानोस् । रोएकै भए पनि बेच्न जान्यो भने त गीत भन्दा आँसु नै बिक्छ नि यो संसारमा । नजान्नेले मात्र हो आँसु पोख्ने । मनमनै गुन्छ रूख, "म किन यति विघ्न दार्शनिकको जस्तो मन खेलाउँछु आजकल ? के मैले साँच्चिकै जिउन बिर्सिसकें र ? अर्काको दु:ख देख्नु जतिको हानी हुने कुरा जीवनमा अरू केही छैन भन्ने जानेरै पनि म किन देख्छु अर्काका दु:ख बिनासित्ति ? आृनो दु:ख भास जस्तै हो । अरुको चिहान । भासबाट त बल गरे निस्कन सकिएला, चिहानबाट ?" चिन्तन गर्दा कोइली देखि औधी रिस उठेर आयो रूखलाई । फेरि सोच्यो, "चिहानमा काम गर्ने मान्छेले मसानसँग मित लाउन सक्नुपर्छ । नभए एक्लोपनको भूतले निल्छ सर्लक्कै" सम्मालिन्छ रूख । अब उसलाई कोइलीको होइन छिमेकको तन्नेरी रूखसँग रिस जाग्छ । अनि डर लाग्छ कोइलीका पखेटासँग । रूखका पखेटा कहिल्यै पलाएनन् । "ढाड भाँचिएर उत्तानो लडेको बिरामी जस्तो वर्षौं एकतमासले बिस्तारा रुँघेको छ रूखले । ल्वाप्पा ख्वाउँदै बहन्छ हावा यसकै अनुहार हुँदै । घामले मेलो सारिरहन्छ दिनभर यसकै टाउको माथिबाट र लुसुक्क छिर्छ क्षितिजको ढोका खोलेर । खोलाले सुसेल्दै यात्रा गर्छ यसकै पाइतलामा गुद्गुदी लाउँदै । कसैले सोधेनन् कहिल्यै, "रूख, चढ मेरो बुई, संसार घुमौं, वा मेरो घर आऊ रूख आज पाउना लाग, वा तैरँदै बग मेरो छातिमा...।" मान्छे भएको भए डाँको छाडेर रुन्थ्यो होला । रूखको आँखा छैनन्, आँसु छैनन् । रूखको मनै नमिठो भएर आउँछ । "किन आज यति सारो कुरा खेलाउँदै छु म हँ ?", सोध्छ आफैंलाई । रूख हुनु भनेकै सहनु हो । त्यो पनि चुपचाप । बिना प्रतिक्रिया । रूख हुनु भनेको समर्पण गर्नु हो । रूख हुनु भनेको साक्षी बस्नु हो- नचाहेको मुद्दामा । वर्षौं पछि आज रूखलाई निर्वाण प्राप्त भएको प्रतीत हुँदैछ । रूखले जति तपस्या बुद्धले पक्कै गरेनन् होला । आफैंलाई बुद्धसँग दाँजेर मख्ख पर्‍यो रूख । तपस्या आँखा चिम्लेर हुँदैन । आँखा खोलेर देख्न सक्नुपर्छ संसार । आँखा चिम्लेर देख्ने संसार त कल्पना मात्र हो । एउटा भ्रमलाई अर्को भ्रमले अर्थ्याउन सक्दैन । झुक्याउन भने अवश्य सक्छ । रूखले हेरेरै तपस्या गर्‍यो । ऊ अझै सम्झन्छ त्यो साँझ । चुपचाप आएकी त्यो आइमाई कसरी भूत जस्तो गरी एकनाससँग हेर्दै थिई उसका हाँगा । जस्तो ठुलो चोट दुख्दैन , ठुलो दु:ख पनि बोल्दैन । दु:खले गाँजेको मन लाटो जस्तो हुन्छ । न विलौना गर्छ, न गुनासो । चुपचाप बसी त्यो आइमाई रूखको फेदमा । शान्त लाग्थ्यो अनुहार, "मानौं संसार जिते पछि अलेक्जेण्डर शयन गर्दैछन् आफ्नै बिस्तारामा । विस्मृतीले दु:ख हरेको जस्तो । ब्युँझेर हातको डोरी खेलाइरही धेरै बेरसम्म । गरिब देखिन्छे । लोग्नेसँग झगडा परेको हुनुपर्छ । शायद भनेको मिलेन । गरिबीसँग भएको हुनुपर्छ । गरिबहरू एक अर्कालाई माया त औधी गर्छन् तर गरिबीसँग भने झगडा गरिरहन्छन्, कुस्ती खेलिरहन्छन् र हेर्नैलाई लाग्छ: लोग्ने स्वास्नी लड्दैछन् । सायद यसको छोरो मर्‍यो होला अचानक । अचानक किनकी गरिबका घरमा रोग लाग्दैन । शायद फेरि भनेको मिलेन । गरिबले रोग चिन्दैन, र त गरिबहरू अचानक मर्छन् तर गरिबहरू यति कमजोर दु:खले विचलित हुँदैनन् । वर्षौं किरा परेका घाउ बोकेर हिँड्ने केटाकेटी, मरन्च्यासे रून्चे लागेका चिचिलाहरू, कुपोषणले खोक्रिएका छोराछोरीहरू त सहजै सहन्छन् गरिबहरू । अन्यायले थिलोथिलो परेको मन र शोषणले चुसेको जीवन जिउने गरिबहरू मृत्यु जस्तो सामान्य घटनाले विचलित हुनै सक्दैनन् । यसको छोरो मरेको होइन होला । रूखले आफ्नो हाइपोथेसिस आफैंले खण्डन गर्‍यो । बिस्तारै अझ शान्त बन्छे आइमाई । आफ्नो ज्यानै बिर्सेर लडाइँमा निस्केको योद्धाको जस्तो साहस देखिन्छ उसको शालीनतामा । मान्छेले जे पनि गर्न सक्छ यस्तो साहसले । आजसम्म रूखले अनेक साहसी मान्छे देखेको थियो । सबैले अन्त्यमा साहसको खोल खोली डरको चक्लेट चुसेका थिए तर आइमाईलाई कसैलाई देखाउनु थिएन, र त ऊ यो साँझको अन्धकारमा आएकी थिई । अझ उसलाई त आफैंलाई पनि देखाउनु थिएन । अब भने एक लामो श्वास लियो रूखले । चिसो सिरेटोले कामजोरो आएको झैं हल्लाए पात र हाँगा । "ए आइमाई ! जा भाग् यहाँबाट" भन्न मन लागेर आयो । धामीले हाँ फुँ गरी खरानी उडाएर बोक्सी भगाएझैं खेद्न मन लाग्यो आइमाईलाई आफ्नो काखबाट । उफ् रूख हुनुको अफसोच । न भाषा छ । न त हिँड्नु छ । उसले रूखको फेदलाई अँगालो हाली, जसरी पराइसँग बिहे हुनु अघिल्लो रात काँतर प्रेमीलाई अन्तिम अँगालो हाल्छे प्रेमिका । रूखलाई सिरिङ्ग भएर आयो । काँतर प्रेमी जो आफ्नी प्रेमिकालाई छुन पनि डराउँछ । साहस गरी रोक्दैन, बरु रोकिन्छ आफैं । डराएर एक छाक भातको पीरले । एक टुक्रा रोटीको डरले । काँतर प्रेमी सम्झेर लाज लाग्छ आफैंसँग रूखलाई । अब बिस्तारै चढ्ने छे मेरा हागाँमा । बाध्ने छे मलाई र आफूलाई । कुद्नेछे मेरो काधँबाट र छाड्ने छे अन्तिम श्वास मेरै ओठमा सिर्सिर हुने गरी । त्रासदीको चुम्बन कुरेर मैले जीवन बाँचेको रहेछु । सुन्दरता महिलामा हुन्छ । कामुकता हुन्छ । हो मलाई थाहा छ र म लोभिएको पनि छु सुन्दर चुम्बन प्रति तर त्यही ओठमा कस्तो त्रासदीको मूल फुटेको ?" सम्झेरै गल्यो रूख । "अब यसले एक इन्च सर्नु अघि म आफैं भासिएर भुइँ बन्न पाए ।" कामना गर्‍यो रूखले । "म रूख नभएर घाँस भएको भए । झार भएको भए ।" आफ्नै उचाइ देखि पहिलो पटक दिक्क मान्यो रूखले । अहिलेसम्म आइमाईले आफ्नो हातको डोरीमा गाँठो पारिसकेकी थिई । औंलाहरूमा उसको मन चलिरहेको प्रतीत हुन्थ्यो । घाँटीमा डोरी नापेर फेरी बिसाई एक पल । "किन बोल्दिन यो आइमाई ?" रिसले रन्थनियो रूख । "मौनता मेरो कमजोरी, यसको हतियार ।" रूखलाई विश्वास थियो, अरुलाई चिच्याएर, रोएर, गाली गरेर मान्छेले आफैंलाई माया गर्छ । आइमाई न त रुन्छे, न कराउँछे, न त कसैलाई गाली गर्छे । रूख मुर्मुरियो । अब आइमाई हाँगामा छे । रूखले कल्पना गरेकै हाँगामा छे । कल्पना गरेकै जसरी बाँधेकी छे आफूलाई रूखसँग र तयार छे । सैनिकले सलामी ठोक्न हाकिम कुरेको जस्तै शायद कुर्दै होली मनको अन्तिम आदेश । अब एक निमेषका लागि मान्छे बन्न पाए भन्ने लागेर आयो रूखलाई । मान्छेहरूको करतुत देखि दिक्क भइ भगवानसँग कहिल्यै मान्छेको जुनी नमागेको रूखलाई आज मान्छे बन्न औधी रहर जागेर आयो । रातभर सुनिदिन्थैं यसका कथाहरू । खर्पनमा बोकेर नदीमा सेलाइदिन्थैं यसका दु:खहरू । घोडा बनेर कुदाउँथे यसका बच्चाहरूलाई । यसैयसै छट्पटायो रूख । रूखको कल्पना चुलिँदै गयो । मान्छेसँग मन सापट माग्यो । एक चिटिक्कको बार्दली भएको घर सापट माग्यो । अगेना र आँगन सापट माग्यो । एक टुक्रो खेत र एक हल गोरु माग्यो । बादलसँग वर्षा माग्यो र पिँढीमा बसेर बलैंसीबाट तप्तप खस्ने थोपासँग जिस्कियो र रमायो । दलिनमा घरी घरी भुर्र उड्ने गौंथलीको सङ्गीत सुन्यो र झुम्यो । बार्दलीमा बसेर दुधसँग मकै चपाउँदै रामायणका श्लोक गुन्गुनायो । पर हरियो च्यादर ओढेर बसेकी पहाडको सुन्दरता हेरेर मस्कियो । हलो बोकेर गैरी खेत ओर्लियो । कुलो सोझ्यायो । धानका बाला सँगै नाच्यो । गुन्गुनायो जीवनको मधुर संगीत । सुसेल्यो जीवन । भन्छन् कल्पनाको सीमा हुँदैन । कल्पनामा नियन्त्रण पनि त हुँदैन नि । सापट मागेको मनसँगै लोभ भित्रियो । घरसँगै जिम्मेवारी । खेतसँगै कर्म । वर्षासँगै चाहना । धर्मसँगै आडम्बर । संगीतसँगै गुनासो । जीवनसँगै मृत्यु । अब रूख पूर्णरूपमा कल्पनाको पञ्जामा परिसकेको थियो । चिया पसलमा गफ दिन थाल्यो रूख । भीडमा भाषण गर्न थाल्यो । व्यापार थाल्यो । प्रवचन थाल्यो । सम्पत्ति कमायो । छोरालाई विदेश पढ्न पठायो । एक रात डायरीमा लेख्यो यस्तो जीवन:कान्छो छोरोले एकबिहानै इमेल गर्‍यो अमेरिकाबाट र लेख्यो, "बा म मेरो शोधकार्य नेपाली सीमान्तकृत समुदायको जीवनशैलीबारे गर्ने सोच गरेको छु । आउँदो दशैंमा टिका थाप्न आउँदा त्यसको पनि प्रपोजल बनाउन सहयोग गर्नु होला भनेर अहिले नै भनिराखेको ।" मैले हुन्छ भनेर प्रतिउत्तर त लेखें तर दोधारमा परें, अब कुन समुदायका बारेमा मलाई थाहा छ र ? राम्रो अंग्रेजी माध्यामको स्कुलमा पढेतापनि उसलाई मैले घरमै नेपाली इतिहास, साहित्य तथा संस्कृतका ग्रन्थहरू पनि राम्रोसँग पढाएको थिएँ । त्यसकै प्रभाव होला, उसले मलाई सधैं बा भनेरै सम्बोधन गर्छ र इमेल पनि नेपालीमै लेख्छ । मानव कल्पित रूख दोधारमा छ सुख र दु: खको । रूख भ्रमित छ जीवन र मृत्युको परिभाषामा । रूख विचलित छ । यस्तै विचलन, कल्पना, सपना, भ्रम र दोधारले आँखामा पट्टी बाँधिदिन्छन् रूखको । यिनै दुविधाले हात समाएर डोर्याउँछन् एक साँझ उसलाई । आज्ञाकारी बच्चो बन्छ । एउटा बुढो रूखको फेदमा लगेर छाडिदिन्छन् यी यावत् दुविधाले उसलाई । उक्त बुढो रूख चुपचाप छ । हाँगा हाँगा नियाल्छ ऊ । सोच्छ ऊ एक्लै छ । उसलाई दु:खले डोर्‍यायो यहाँसम्म कि सुखले ? उसलाई थाहा छैन । अब यत्ति थाहा छ कि यो नै उसको कर्म हो । महत्त्वपूर्ण कर्म । उसले आफ्नो हातमा खेलाउँदै गरेको डोरीले झस्काएर ब्युँझाउँछ उसलाई कल्पनाबाट । मानिसबाट पुन: एकाएक रूख बन्छ । झस्कन्छ । "आइमाई ?", खै के भयो थाहा छैन । कल्पनामा उसले के छुटायो छुटायो । आइमाई कता हराई हराई । हावा बनेर बगी वा पानी बनेर बगी भेउ पाउनै सकेन । बिहानको घाम बनेर उदाई कि बिहानकै तारा बनेर अस्ताई ? थाहै पाएन । उसैबेलादेखि रूख बुद्ध बनेर बाँचेको छ ।

***-साहित्यपोस्ट डटकम***

# ‘अब देशको मुहार बदलिएको काँग्रेसले फेर्छ’



**गुल्मी,** माघ १६/नेपाली काँग्रेसका प्रभावशाली नेता एवं गुल्मी निर्वाचन क्षेत्र नं. १ का प्रतिनिधि सभा सदस्यका उम्मेदवार डा. चन्द्र भण्डारीले देशको मुहार फेर्न अब बदलिएको कांग्रेसलाई विजयी गराउनुको विकल्प नभएको बताएका छन् । चन्द्रकोटको शान्तिपुरमा आयोजित चुनावी सभालाई सम्बोधन गर्दै डा.भण्डारीले अब गगन थापाको नेतृत्वमा बन्ने नयाँ सरकारले मुलुकका हरेक परिवर्तनलाई आत्मसात गर्दै अगाडि बढ्ने सोंचलाई साकार पार्ने भन्दै काँग्रेसलाई विजयी गराउनुको विकल्प नभएको बताएका हुन् ।

नागरिकको प्रत्येक मत मूल्यवान हुने उल्लेख गर्दै डा. भण्डारीले कुनै पनि अन्योलमा नपरी ‘रुख’ चिन्हमा मतदान गर्न मतदातालाई आह्वान गरे । बीपी कोइराला र पुराना नेताहरूले स्थापना गरेको जगलाई अहिलेको युवा नेतृत्वले मलजल गरिरहेको भन्दै उनले बदलिएको कांग्रेसले मात्रै मुलुकमा आर्थिक र सामाजिक परिवर्तन ल्याउन सक्ने जिकिर गरे ।

डा. भण्डारीले भने “देशले थितिका नेता नपाएका कारण जुन रुपमा विकास हुनुपर्ने हो, त्यो हुन सकेन अब नेपाली काँग्रेसको पुरानो अनुभव र रुपान्तरित कांग्रेसको युवा पार्टीका सभापति गगन थापालाई प्रधानमन्त्री बनाएपछि देशले आज सम्मका हरेक समस्याहरु समाधान हुने छ ।” उनले आफुले यस क्षेत्रमा गर्न चाहेका र जनताका थप आवश्यकतालाई यो पटक पुरा गर्ने प्रतिवद्धता समेत व्यक्त गरे । “ कार्यकाल पुरा गर्न नपाउँदै पुन: निर्वाचनमा जानु पर्ने पस्थिति सिर्जना भयो, यसले मैले गर्नु पर्ने कामहरु केही बाँकी छन् तीनलाई पुरा गर्नुपर्ने छ र नयाँ योजनाहरु पनि छन् तिनलाई पुरा गर्न लागिपर्ने छु” नेता भण्डारीले भने “तपाईंहरूले मलाई पहिला पनि साथ दिनुभयो, यसपटक मतको अन्तर अझै बढाएर एक नम्बर बनाइदिनुहुनेछ भन्नेमा म विश्वस्त छु । फागुन २१ गते बाकस खोल्न मात्र बाँकी हो, जनताको मन त काँग्रेसले जितिसकेको छ ।”

चुनावी सभामा काँग्रेस गुल्मीका सभापति खिलध्वज पन्थीले सबै नेता तथा कार्यकर्ताहरु एक जुट भएर देश बदल्ने अभियानमा लाग्नुपर्ने बताए । नेपाली काँग्रेस लुम्बिनी प्रदेशका सदस्य तथा जिल्ला समन्वय समितिका प्रमुख द्रोणबहादुर खत्रीले गुल्मी जिल्लाले दुवै क्षेत्रमा काँग्रेसका अत्यन्त्यै प्रभावशाली र विकास प्रेमी नेताहरु पाएको भन्दै उनीहरुलाई जिताउनु हाम्रो आवश्यकता रहेको बताए । नेपाली कांग्रेस क्षेत्र नं. १ का सभापति पारिश्वर ढकालले वर्तमान मुलुकको माग भनेकै रुपान्तरित काँग्रेस भएकाले ढुक्क भएर चुनाव प्रचारमा लाग्नुपर्ने बेला आएको बताए ।

**‘भाइरल तीन मुखेपुल हाम्रो पहलमा बनेको हो’**

यस्तै नेता भण्डारीले गुल्मी, पाल्पा र स्याङ्जाको संगमस्थल रिडीमा निर्माण भएको तीन मुखेपुल आफ्नो पहलमा निर्माण भएको पनि बताएका छन् । उनले भने “सेल्फी खिच्नेहरुको भीड देख्छु, सामाजिक सञ्जालमा पवित्र धार्मिक स्थल रिडीको तीनमुखे पुलमा बनाइएका टिकटक हेर्छु,भाईरल भएको देख्दा मनमा आनन्दको अनुभूति हुन्छ, रिडीको भाईरल पुलले जसरी सबैति खुसी छाएको छ त्यसै गरी काँग्रेसलाई मदतान गरेर खुसी ल्याउन सामाजिक सञ्जालका प्रयोगकर्ताहरूलाई म आग्रह गर्दछु ।” यही भाइरल पुलकै कारण अहिले मतदातामा खुसी छाएको समेत उनले बताए । नेता भण्डारीले हाँस्दै भने“ मेरो पहलमा निर्माण भएको तीनमुखे रिडीको पुलमा टिकटक बनाउने सबै युवालाई भन्दिनुस् , यहाँका युवाहरुले बुझ्छन्, हामीले यो अवधिमा यस क्षेत्रमा गरेका विकासका कामको प्रचार गर्दिनु, त्यति भयो भने, युवाहरुले बल्ल बुझ्दै जाने छन् ।” उनले काँग्रेसले गरेका कामलाई भजाएर भोट माग्न आउने अनि जितेपछि सिन्को पनि नभाच्ने र नयाँका नाममा अपरिपक्त्ता रहेकाहरुलाई विश्वास गर्न नहुने भन्दै अब रुपान्तरित काँग्रेसले बाहेक अरुले यो मुलुक चलाउन नसक्ने दावी गरे ।

# एमाले नेता गैरेले शुरु गरे जन्मस्थानबाट चुनावी प्रचार

कृष्ण पोखरेल



**पाल्पा,** माघ १६/ आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनको लागि नेकपा एमालेका नेता एवं पाल्पा क्षेत्र नं. २ का उम्मेदवार ठाकुर प्रसाद गैरेले जन्मस्थान बगनासकाली गाउँपालिका वडा नं. ८ बराङ्दी देउरालीबाट चुनावी प्रचार अभियान शुरु गरेका छन् । सहिदको बलिदानको कारण नेपाल प्रजातन्त्र हुदै संघीय गणतान्त्रिक व्यवस्था आएकाले सहिद दिवसमा सहिदहरुप्रति माल्याणपण गर्दै आफ्नो जन्मस्थानबाट उनले चुनावी अभियान शुरु गरेका हुन ।

अभियानलाई सम्बोधन गर्दै उनले विद्यार्थीकालदेखी आफु देश र जनताप्रति समर्पित भई काम गर्दै आएको, भारतीय पक्षबाट कालापनी, सुस्ता जस्ता स्थानमा सिमा अतिक्रमण विरुद्ध सडक सर्घष देखी कालापानी, सुस्तामा मार्चपास गरेको, तत्कालीन राजा ज्ञानेन्द्रको प्रत्यक्ष शासन विरुद्ध प्रजातन्त्रको लागि सडक संघर्ष गरेको, ऐनसेल भष्टूचार काण्डमा सडक अवरुद्ध जस्ता देशविरुद्ध भएका गतिविधिमा निरन्तर सघर्षमा जीवन बिताएको बताए । जीवनभर देश र जनताको पक्षमा काम गरे, २०७९ सालको निर्वाचनमा जनताले जिताएर पठाए पनि ५ बर्षे कार्यकाल पुरा नहुँदै पुन निर्वाचनमा आउन बाध्य भएको नेता गैरेले बताए । ५ बर्षे कार्यकाल पुरा नहुँदै संसद विघटन भएकाले संसद हुँदा शुरु गरेको विकास निर्माणका थुप्रै अधुरा योजनाहरु पुरा गर्न पुन: उम्मेदवार भई जनताको माझमा आएको उनले गैरेले बताए । विद्यार्थीकाल देखी नै जनता र देशको पक्षमा उभिएर निरन्तर राष्ट्रहितको पक्षमा काम गरेको बताउदै नेता गैरेले नेकपा एमालेबाट टिकट पाई उम्मेदवार भएपनि, आफु पाल्पाली जनताको साझा उम्मेदवार भएकोले सूर्यमा मतदान गरी विजय बनाउन अनुरोध गरे । एमाले बगनासकाली गाउँ कमिटीको आयोजना शुरु भएको प्रचार अभियानमा एमाले केन्द्रिय लेखा आयोग उपाध्यक्ष धनेन्द्रराज घिमिरे, एमाले नेता डा. रामबहादुर राउत, केन्द्रिय सल्लाहकार परिषद सदस्य फर्सुराम भट्टराई, पुर्व जिल्ला अध्यक्ष देवी प्रसाद बस्याल, गाउँकमिटी अध्यक्ष डेन्जिङ्ग रायमाझी, उपसचिव दिलिप गाहा लगायतले देश बचाउन, एमालेका उम्मेदवारहरुलाई विजयी बनाउनु पर्नेमा जोड दिए । पाल्पा क्षेत्र नं. २ मा एमालेका उम्मेदवार सहित १४ दल र दुई स्वतन्त्र गरी १६ जना उम्मेदवार चुनावी प्रतिष्प्रधामा उत्रिएका छन् ।

## खेलकुद समाचार

### भारत विरुद्ध नेपालको जित



**काठमाडौं,** माघ १६/ कप्तान रोहित पौडेलको उत्कृष्ट अर्धशतकको मद्दतमा नेपालको पुरुष क्रिकेट टोलीले आईसीसी टी-२० विश्वकप २०२६ को तयारीका क्रममा भारतको एमसीए प्रेसिडेन्ट ११ विरुद्धको पहिलो अभ्यास टी-२० खेलमा जित हासिल गरेको छ । मुम्बईको ब्राबोर्न स्टेडियममा भएको उक्त खेलमा नेपालले ७ विकेटको सहज जित निकालेको हो ।

एमसीए प्रेसिडेन्ट ११ ले दिएको १४३ रनको लक्ष्य नेपालले १७ दशमलव २ ओभरमा मात्र ३ विकेट गुमाएर पूरा गर्‍यो । कप्तान रोहित पौडेलले ४३ बलमा ५० रनको अविजित इनिङ खेले । यस्तै, ओपनर कुशल भुर्तेलले २१ बलमा ३८ रन जोडे भने दीपेन्द्र सिंह ऐरीले २२ बलमा २८ रन तथा आसिफ शेखले १७ बलमा १६ रन बनाए । टस हारेर पहिले ब्याटिङ गरेको एमसीए प्रेसिडेन्ट ११ ले २० ओभरमा ९ विकेट गुमाएर १४२ रन मात्र बनाउन सक्यो। उनीहरूका लागि सिद्धार्थ आकरेले सर्वाधिक २८ रन तथा परिक्षित वलसंकरले २७ रन बनाए । नेपालका बलरहरूबाट नन्दन यादवले २ विकेट लिए भने शेर मल्ल, दीपेन्द्र सिंह ऐरी, गुलशन झा र कुशल भुर्तेलले समान १/१ विकेट हात पारे। नेपालले यही टोलीसँग शनिबार दोस्रो अभ्यास खेल खेल्नेछ । विश्वकपको अन्तिम तयारीका लागि नेपाली टोली मुम्बईमा छ । श्रीलंकाको ए टोलीसँग तीन अभ्यास खेल खेलेपछि मुम्बईमा पुगेको नेपाली टोलीले त्यहाँ एक साता अभ्यास गर्नेछ । विश्वकपअघि नेपालले पहिलो वार्म अप खेल माघ २० गते युएईसँग र दोस्रो खेल क्यानडासँग माघ २२ मा खेल्नेछ ।

वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत
डस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।

सम्पर्क: ०७५-५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# एकै दिन सुनको मूल्य २० हजार पाँच सयले घट्यो




**पाल्पा,** माघ १६/ कारोबार साताको अन्तिम दिन शुक्रबार नेपाली बजारमा सुनको मूल्यमा भारी गिरावट आएको छ । यसअघि बिहीबार तोलामा २० हजार ५ सयले बढेर ऐतिहासिक उचाइमा पुगेको सुनको मूल्य शुक्रबार सोही मूल्य बराबरले घटेको हो ।

नेपाल सुन चाँदी व्यवसायी महासंघका अनुसार यसदिन २० हजार ५ सय रुपैयाँले घटेर एक तोला सुनको मूल्य ३ लाख १८ हजार ८ सयमा झरेको छ । बिहीबार प्रतितोला सुन ३ लाख ३९ हजार ३ सय रुपैयाँमा खरिदबिक्री भएको थियो । सुनको भाउ घटेसँगै चाँदी पनि ओरालो लागेको छ । महासंघका अनुसार यसदिन प्रतितोला चाँदी ७ हजार ६५ रुपैयाँमा खरिदबिक्री भइरहेको छ । बिहीबार एकतोला चाँदीको मूल्य ७ हजार ५०५ रुपैयाँ पुगेको थियो ।गत बुधबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख १८ हजार ८ सय र त्यति नै चाँदीको मोल सात हजार ३ सय कायम भएको थियो । यसैगरी, गत मंगलबार एक तोला छापावाल सुनको मूल्य रु तीन लाख नौ हजार ३ सय त्यति नै चाँदीको मोल छ हजार ८ सय ७० कायम भएको थियो । अन्तरराष्ट्रिय सञ्चारमाध्यमहरूका अनुसार अन्तरराष्ट्रिय बजारमा एक औँस सुन पाँच हजार ५३७ र त्यति नै परिमाणको सेतो धातु ११७ अमेरिकी डलरमा कारोबार भइरहेको छ ।

मनको आवाज............

‘नाम पनि यूनिक, काम पनि यूनिक’

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई